



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily




❑ वर्ष २४ ❑ अङ्क १८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २८ गते बिहीबार ❑ 13 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## प्रधानमन्त्री दाहाललाई पत्नी शोक

**रासस**
काठमाडौं, २७ असार

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पत्नी शोक परेको छ।

उहाँका पत्नी एवं माओवादी केन्द्रका सल्लाहकार सीताको बुधबार बिहान नर्भिक अस्पतालमा निधन भएको थियो । विसं २०११ असार २१ गते कास्कीको हेम्जामा आमा हरिकला पौडेल र बुवा महेश्वर पौडेलको कोखबाट जन्मिनुभएकी सीताको २०२६ सालमा प्रधानमन्त्री दाहालसँग विवाह भएको थियो। विसं २०२८ देखि नै कम्युनिस्ट आन्दोलनमा आबद्ध उहाँ जिल्ला, क्षेत्र र केन्द्रका विभिन्न जिम्मेवारीमा रहँदै हाल



माओवादी केन्द्रको सल्लाहकार हुनुहुन्थ्यो।

मुलुकमा गणतन्त्र ल्याउनका लागि भएको जनयुद्धको समयमा पति प्रचण्डको नेतृत्वलाई सफलतामा पुर्‍याउन आफ्नो जीवन बाजी लगाएर सहयोग पुर्‍याउनुभएको थियो। पार्टी कामका लागि पञ्चायतकालमा लामो समय भूमिगत जीवन बिताउनुभएकी दाहालले देशमा जनयुद्ध सुरुआत भएपछि २०५२ सालदेखि भूमिगत राजनीतिमा सक्रियरूपमा सहभागी हुनुभएको थियो । जनयुद्धका समयमा सिङ्गो पार्टीको अभिभावकका रूपमा उहाँले पार्टीभित्रका चुनौती, सङ्कट, विवाद समाधानका निम्ति समन्वयकारी भूमिका निर्वाह गर्नुभएको थियो। पछिल्लो समय उहाँ पार्किन्सनलगायत रोगबाट पीडित हुनुहुन्थ्यो।

प्रधानमन्त्री दाहालका चार सन्तानमध्ये जेठी छोरी ज्ञानुको क्यान्सर र छोरा प्रकाशको हृदयाघातका कारण निधन भइसकेको छ । छोरी रेनु र गङ्गा राजनीतिमै सक्रिय हुनुहुन्छ। सल्लाहकार दाहालको पार्थीव शरीर श्रद्धाञ्जलिका लागि आज बिहान ११:०० देखि १:०० बजेसम्म पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा राखिने र अपराह्न २:०० बजे पशुपति आर्यघाटमा अन्त्येष्टि गर्ने कार्यक्रम रहेको माओवादी केन्द्रले जनाएको छ।

## दीर्घकालीन असर पर्ने निर्णय नगर्न आदेश

**रासस**
काठमाडौं, २७ असार

सर्वोच्च अदालतले कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्तिको विवादमा दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले बुधबार उक्त अन्तरिम आदेश गरेको हो । आदेशमा भनिएको छ, "मुद्दाको अन्तिम किनारा नभएसम्म दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्नू/नगराउनु ।" निवर्तमान मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले दायर गरेको रिट निवेदनमाथि पहिलो सुनुवाइ गर्दै उक्त आदेश गरेको हो । अदालतले आगामी साउन ७ गतेको पेशी तोकी उक्त विवादमा छलफल गर्नेछ।

आदेशमा निवेदक तथा महान्यायाधिवक्ता/मुख्य न्यायाधिवक्ता कोशी प्रदेशलाई दिन र उक्त विवादमा उक्त मितिमा सुनुवाइमा राखी निर्णयार्थ पेश गर्न भनिएको छ।




## वर्षायामसँगै सुनसान बन्दै अन्नपूर्ण पदमार्ग

**पोखरापत्र संवाददाता**
पर्वत, २७ असार

विश्वमै पदयात्राका लागि ख्याति कमाएको राउण्ड अन्नपूर्ण क्षेत्र वर्षायामसँगै सुनसान बन्दै गएको छ।

तीन साताअघिसम्म पर्यटकले भरिभराउ हुने विश्वकै १० उत्कृष्ट पदमार्गमा पर्ने यस क्षेत्रमा अहिले पर्यटकको सङ्ख्या ह्वात्तै घटेको स्थानीय व्यवसायीहरु बताउँछन् । केही हप्ताअघिसम्म दैनिक दुई सयभन्दा बढी पर्यटक आउने गरेकामा बर्खा सुरु भएयता ह्वात्तै पर्यटक घटेर पदमार्ग सुनसान बनेको पर्यटन व्यवसायी दुर्गादेवी भण्डारीले बताउनुभयो।

कोरोना सङ्क्रमण र चिसो मौसमपश्चात फस्टाउन थालेको पर्यटन क्षेत्र पुनःवर्षायाम सँगै समस्यामा परेको हो । विदेशी पर्यटक यतिबेला फाट्टफुट्ट आउने गरेको भण्डारीले बताउनुभयो।

व्यवसाय चलायमान हुँदै जाँदा बर्खाका कारण पुनःपर्यटक घटेकाले पदमार्ग सुनसान भएसँगै आफू मात्र नभई यस क्षेत्रमा रहेका पर्यटन व्यवसायी निराश भएको उहाँको भनाइ छ । अब 'अफसिजन' सुरु भयो भण्डारीले भन्नुभयो, "भदौ अन्तिम सातादेखि पुनःचहलपहल सुरु हुन्छ।"

यस पदमार्ग आसपासमा सयौं सङ्ख्यामा होटल व्यवसाय सञ्चालनमा रहेका छन्। विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, प्राकृतिक सुन्दरता हेर्न र कास्कीको नयाँ पुलदेखि वीरेठाँटी हुँदै घान्द्रुक-घारेपानी-मुस्ताङ, मुक्तिनाथबाट थोराङ भञ्ज्याङ उक्लेर मनाङ हुँदै लमजुङ जान अन्नपूर्ण पदमार्गमा आउँछन् । मुस्ताङ र मनाङका विभिन्न हिमाल तथा चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन्।

बर्खा लागेकाले अफसिजन भएको र दृश्य पनि राम्रो नदेखिने तथा बर्खामा बाटो हिँड्न समस्या हुनेलगायत कारण पर्यटकको आगमन ह्वात्तै घटेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) वीरेठाँटीका प्रमुख युक्त गुरुङले जानकारी दिनुभयो । पर्यटक नआउँदा पर्यटन व्यवसायीमात्र नभई आफू पनि फुर्सदिलो बन्न पुगेको पर्यटक प्रहरी शन्तलाल कोहारले बताउनुभयो । बर्खा लागेसँगै पर्यटकको सङ्ख्या ह्वात्तै घटेको छ । एक जना पर्यटकले कम्तीमा पाँच दिनदेखि बढीमा १४ दिनसम्म यस क्षेत्रमा बिताउने तथा दैनिक पाँच सय डलरभन्दा बढी खर्च गर्ने गरेको पर्यटक गाइड पासाङ दावा शेर्पाले बताउनुभयो।

बर्सेनि हजारौं आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण मानिने यस क्षेत्रमा

बाँकी अन्तिम पृष्ठमा ▶▶



# जानकी माविमा वन विज्ञानको पढाई सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

पोखरा महानगरपालिका वडा नं. १७ महतगौडास्थित जानकी माध्यमिक विद्यालयमा तीन बर्षे वन विज्ञानको पढाई सञ्चालन गरिएको छ।

गण्डकी बहुप्राविधिक शिक्षालयको सहकार्य र सिटिइभिटीको अनुमतिमा गत बर्षदेखि उक्त पढाईका कक्षा सञ्चालन गरिएको हो।

पहिलो बर्षमा १६ जना विद्यार्थी र आठ जना शिक्षक शिक्षिक अध्ययन अध्यापन भई रहेको छ। उक्त बिषयमा पढाई सञ्चालन गर्ने जानकी जिल्लामा पहिलो भएको वन विज्ञान संयोजक शंकर भण्डारीले दावी छ। उहाँका अनुसार विद्यालयको नयाँ भवनमा सञ्चालन गरिएको प्रभावकारी र गुणस्तर बनाउनका लागि पोखरा



महानगरपालिकाको २२ लाख ५० हजार रुपैयाको आर्थिक सहयोगमा प्रयोगशाला स्थापना गरि सञ्चालन गरिएको छ। तीन बर्षे डिप्लोमा तहको उक्त पढाईको लागि प्रति विद्यार्थीबाट एक लाख २५ हजार शुल्कको व्यवस्था गरिएको बताउँदै उहाँले भन्नुभयो, विद्यार्थीले उक्त रकम मध्ये पहिलो बर्ष ४० प्रतिशत र दोश्रो र तेश्रो बर्षमा ३०। ३० प्रतिशतका दरले शुल्क बुझाउनु पर्ने छ। विद्यालयले लिने प्रवेश परिक्षामा सर्वोत्कृष्ठ अंक ल्याउने एक जना विद्यार्थीलाई वहुप्राविधिक शिक्षालय एवम् पोखरा महानगर, सिटिभिटी र पोखरा १७ वडा कार्यालयबाट पनि छात्रबृत्तिको व्यवस्था भएको उहाँले जानकारी दिनुभयो।

वन विज्ञान अध्ययनका लागि विद्यालयले प्रत्येक बर्ष ४० जना विद्यार्थी भर्ना गर्न पाउने अनुमति प्राप्त गरेको छ।

वन विज्ञान बिषयलाई गुणस्तरीय र थप प्रभावकारी बनाउनका लागि सोही स्थानको भित्री गाउँमा रहेको खेल मैदानमा सुविधा सम्पन्न पक्कि भवन निर्माण भई रहेको विद्यालयका प्रधानाध्यापक अर्जुन कडेलले जानकारी दिनुभयो। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५० लाखको लागतमा निर्माणाधिन दुई तल्ले चारकोठे उक्त भवनमा वन विज्ञानका दोश्रो र तेश्रो बर्षका कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेको उहाँको भनाई छ। विद्यालयमा हाल ३५० जना विद्यार्थी अध्ययनरत छन्।

सामुदायिक विद्यालयले पछिल्लो समय शैक्षिक गुणस्तर कायम गर्दै प्राविधिक बिषयको पढाईलाई जोड दिदै आएका छन्। रुचि भएर पनि पाएक पर्ने स्थानमा कक्षा सञ्चालन नहुँदा प्राविधिक शिक्षाबाट बञ्चित विद्यार्थीका लागि सामुदायिक विद्यालयमा बिभिन्न बिषयका प्राविधिक कक्षा सञ्चालन भएपछि विद्यार्थीका लागि वरदान सावित भएको छ।

# पर्यटक लोभ्याउँदै अर्मलाकोट गाउँ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

माथि हिमाल। तल पोखरा उपत्यका। थुम्कोमा अर्मलाकोट गाउँ। धेरै ढुङ्गाले बान्की मिलाएर छाएको छानो त केही जस्तापाताले छाइएका घर। ढुङ्गाकै गारो, ढुङ्गाकै बाटोले गाउँको पहिचान दिलाउँछ। शान्त वातावरण, स्वच्छ हावापानीले धेरैको मन फुरुङ्ग हुन्छ। पोखरा महानगरपालिका-१६ अर्मलाकोट प्राकृतिक सुन्दरताले भरिपूर्ण छ।

पोखरा सहरबाट १२ किलोमिटर टाढा रहेको अर्मलाकोट पछिल्लो समय पर्यटक र पैदलयात्रीको रोजाइमा पर्ने गरेको छ। दिनप्रतिदिन यहाँ घुम्न पुग्नेको सङ्ख्या बढिरहेको छ। परम्परागतरूपमा बनेका घर, यहाँ बस्ने गुरुङ र दलित समुदायको बोलीचाली तथा सरल व्यवहारले आगन्तुकलाई स्वागत गरिरहेको छ। विसं २०७५ मा होमस्टे सञ्चालनमा आएपछि गाउँमा छुट्टै रौनक भेटिन्छ। गाउँले जनजीवन, आफ्नै रहनसहन र परम्पराले भरिएको भए पनि अर्मलाकोट गाउँको आकर्षक भनेको ढुङ्गेघर नै हो। घरका झ्याल र ढोकामा कलात्मक शैलीमा कुँदिएका फूलबुट्टा तथा आकृतिले पर्यटकलाई झनै मोहित बनाउँछ।यहाँ पुग्ने पर्यटक गाउँको ढुङ्गेघरले मन लोभ्याएको बताउँछन्। गत शनिबार स्याङ्जाका अर्मलाकोट घुम्न पुग्नुभएका किसन गुरुङले यहाँको घर देख्दा मनै फुरुङ्ग भएको बताउनुभयो। "हाम्रोतिर भन्दा यहाँका घर निकै राम्रा लागे। पोखराबाट नजिकै यति राम्रो गाउँ देख्दा मनै रमायो", उहाँले भन्नुभयो, "यहाँका स्थानीयको जनजीवन, रहनसहन र स्वागत सत्कारले यहीँ बसिरहन मन लाग्यो।" पछिल्लो समय अर्मलाकोटमा घुम्न आउने पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको अर्मलाकोट होमस्टेकी अध्यक्ष बबिता गुरुङले बताउनुभयो। उहाँका अनुसार वर्षाको समय भए पनि पर्यटक गाउँ उक्लनेको सङ्ख्यामा कमी आएको छैन।

बिदाका दिन अझ बढी पर्यटकको भीडभाड हुने अध्यक्ष गुरुङले सुनाउनुभयो। "अहिले गाउँमा बर्खाको चटारो छ। पाहुनाहरू आउनुहुन्छ अनि काम सकेर उहाँहरूको स्वागतमा आउँछौँ", उहाँले भन्नुभयो, "पानी परे पनि रुझेरै आउनुहुन्छ। वर्षात्को समयमा पनि पाहुनको कमी भएको छैन।" पोखराबाट नजिक भएकाले पैदलयात्रा गरेर पनि पर्यटक गाउँ पुग्ने गरेको होमस्टेकी सचिव झलश्री गुरुङले बताउनुभयो। यसलाई गुरूङ भाषामा 'ङ्होलानासा' पनि भनिन्छ। महेन्द्रगुफाबाट करिब दुई घन्टाको पैदलयात्राबाट अर्मलाकोट पुग्न सकिन्छ। गाउँको सुन्दरतासँगै यहाँबाट सूर्योदय र सूर्यास्त, पोखरा उपत्यको अवलोकनका साथै हिउँ पर्ने समयमा हिउँसमेत खेल्न सकिने उहाँले बताउनुभयो। हामस्टेमा कोदोको ढिडो, लोकल कुखुराको मासु, गुन्द्रुक, भट्टको अचार, सिस्नोका दाल, वर्षाको समयमा निउरो र टुसाको अचार तथा कोदोको रक्सीको स्वाद लिन सकिने उहाँले बताउनुभयो। साँझ सांस्कृतिक कार्यक्रमको आनन्द लिन सकिन्छ।

होमस्टेमा पुग्ने एकजना पाहुनावापत रु एक हजार एक सयको दररेट निर्धारण गरिएको होमस्टेका अध्यक्ष गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार यो प्याकेजमा बिहान-बेलुकी खाना र खाजा, बास बस्नसँगै सांस्कृतिक कार्यक्रम समावेश गरिएको छ। यहाँको कोसेलीको रूपमा मुलाको चना, गुन्द्रुक तथा सिजनअनुसार सिस्नो, निउरो, टुसा तथा भाङ्ग्रा लैजान सकिन्छ। गाउँसम्म पुग्ने बाटो कच्ची भएकाले पर्यटकलाई वर्षात्को समयमा समस्या हुने गरेको अध्यक्ष गुरुङले सुनाउनुभयो। "होमस्टे सञ्चालनपछि पाहुना आउने कम भएको छैन। हामीले पनि सकेको स्वागत सत्कार गरिरहेका छौँ", उहाँले भन्नुभयो, "वर्षाको समयमा आफ्नै साधन लिएर आउने पाहुनाले साह्रै दुःख पाउनुहुन्छ। यहाँ आउने बाटो कालोपत्र गर्न आवश्यक छ।"

# श्रीपति पत्रकारिता पुरस्कार कार्कीलाई, समाजसेवा विन्दवासिनी समितिलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

श्रीपति समाज सेवा पुरस्कार २०८० बाट पोखरा महानगरपालिका वडा नं. २ अवस्थीत विन्दावासिनी धार्मिक क्षेत्र विकास समिति छनौट भएको छ।

श्रीपती समाज सेवा पुरस्कार २ लाख २२ हजार २ सय २२ श्रीपति समाजसेवा पदक र ताम्रपत्रद्वारा सम्मान गरिने श्रीपति कोइराला गुठीका अध्यक्ष फणिन्द्रराज कोइरालाले जानकारी दिए। श्रीपति कोइरालाको २१६ औ जयन्तीको अवसरमा पुरस्कारको घोषणा भएको हो। विन्दावासिनी धार्मिक विकास क्षेत्र समिति अन्तर्गत रहेको विन्दावासिनी मन्दिर नेपालका शक्तिपिठहरु मध्ये प्रमुख शक्ति पिठको रुपमा मानिन्छ। २७ रोपनी क्षेत्रमा फैलिएको विन्दावासीनी शक्तिपिठ टाढाबाट दृश्यावलोकन गर्दा एउटा तलाउ विचमा फुलेको शोभायमान कमल फुल देखिन्छ।

पोखरा महानगरपालिका वडा नम्बर २ स्थित बिन्दावासिनी शक्ति पिठ नेपाल तथा भारतका श्रद्धालु भक्तजनहरुको आस्थाको केन्द्र रहेको छ। नेपाली र भारतियहरुको समेत पुजनीय केन्द्रको रुपमा रहेको हिन्दु



मात्र नभई गैर हिन्दु समेतको आस्थाको प्रतिकको रुपमा माता विन्दावासिनीलाई लिने गरिन्छ।

विन्दावासिनी धार्मिक क्षेत्र अन्तर्गत बहुउद्देश्यीय सत्संग भवन, विन्दावासिनी वैदिक विद्याश्रमको छात्रवास भवन, सत्य हवन हुने यज्ञ मण्डप र पूजा मण्डप, विन्धावासिनी वौद्धिक विद्यालयम, विभिन्न देवी देवताका मठ मन्दिरहरु रहेका छन्। विन्दावसिनी गुरुकुल विद्याश्रम निःशुल्क आवासिय रुपमा संचालन भई रहेको छ। जेष्ठ नागरिक सेवा केन्द्रको रुपमा दिवा सेवा सञ्चालन गरेको छ। प्राकृतिक चिकित्सालय संचालन र निर्माणधिन अवस्थामा छ। धार्मिक संस्थाले सर्वशुलभ रुपमा एम्बुलेन्स प्रदान गर्दै आएको छ। धर्म सांस्कृतिक संरक्षणका लागि धार्मिक कथा वाचन संचालन गर्ने गरेको छ। टाढा टाढाबाट आउनु हुने साधु सन्त तथा दर्शनार्थीहरुका लागि आवास तथा भोजनको व्यवस्था गरेर समाजमा उत्कृष्ठ सामाजिक सेवा प्रदान गर्दै आएका छ।

यसैगरी यस वर्षको श्रीपति सामाजिक पत्रकारिता पुरस्कार २०८० बाट पत्रकार नारायण कार्कीलाई सम्मान गरिने भएको छ। श्रीपति सामाजिक पत्रकारिता पुरस्कार २२ हजार २ सय २२ रुपैया र सम्मानपत्रले सम्मान गरिने श्रीपति कोइराला गुठीका सचिब नवराज कोइरालाले जानकारी दिए। कार्की अहिले विविसि नेपाल सेवामा पोखराबाट काम गर्दछन्। उनले यस अगाडि हिमालयन टाइम्स दैनिक, जनमत दैनिक, पोखरापत्र दैनिक, समाधान दैनिक लगाएतका पत्रिकामा सम्पादक र प्रधानसम्पादक भएर काम गरिसकेका छन्। पुरस्कार छनौट समितिका ६ जना विज्ञ सदस्यहरुमा प्राडा दिल बहादुर क्षेत्री, गेहेन्द्रेश्वर कोइराला, प्रा. डा. विश्वकल्याण पराजुली, अशोक पालिखे, दिपेन्द्र श्रेष्ठ र विमला भण्डारी रहनु भएको छ।

# एमालेले डाक्यो सचिवालय बैठक

**रासस**
काठमाडौं, २७ असार

पछिल्लो राजनीतिक विकासक्रमको समीक्षा गर्न नेकपा (एमाले)ले सचिवालय बैठक डाकेको छ। ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा यही असार ३० गते सचिवालय बैठक डाकिएको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार बैठकमा अहिले भइरहेको राजनीतिक विकासक्रमको समीक्षा, कार्यविभाजनअनुसार कामको मूल्याङ्कन, पार्टी स्कुल विभाग, पार्टी प्रचार र जनसङ्गठनको कामको अवस्था र अब पार्टीलाई कसरी लैजाने भन्ने विषयमा छलफल हुनेछ। यसैगरी पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टीका उपाध्यक्षसँग पार्टी गतिविधिबारे छलफल गर्नुभएको छ। अध्यक्ष ओलीले उपाध्यक्षहरुसँग पार्टीको गतिविधि र आगामी बस्ने सचिवालय बैठकको तयारीबारे छलफल गर्नुभएको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो। छलफलमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षद्वय अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, सुभासचन्द्र नेम्वाङ र विष्णुप्रसाद पौडेल सहभागी हुनुहुन्थ्यो।

# शैक्षिक तथा खेलकुद सामग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

आशिर्वाद क्लब अफ नेपालले मनिष बरालको सभाअध्यक्षमा विजय निम्न माध्यमिक विद्यालयमा बालबालिकासँग आशिर्वाद शैक्षिक तथा खेलकुद सामग्री वितरण कार्यक्रम बुधबार सम्पन्न गरेको छ।

पोखरा महानगर वार्ड न.१३ को आर्वा विजयपुरमा रहेको यस विद्यालयमा विद्यार्थीको मनसिक र सारिरिक क्षमता अभिबृद्धि होस भन्ने हेतुले यस कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा प्रमुख अतिथि समाजसेवि दाजु सुवर्ण पन्त विशिष्ट अतिथिमा पोखरा महानगर वार्ड नं. १३ सदस्य सुचित तामाङ र यस क्लबका पूर्व इन्चार्ज विक्रम बराल रहनु भएको थियो। यसैगरि विशेष अतिथिमा क्लबका इन्चार्ज रवि बराल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्देश गुरुङ, विद्यालय प्राध्यापक शान्ति वि.क, अर्जुन गुरुङ, थमन गुरुङ र अनिस वि.क रहनुभएको थियो। कार्यक्रम सञ्चालनमा यसै क्लबका सचिव अर्जुन बराल रहनुभएको थियो। कार्यक्रमको संयोजकमा आर्सन बराल र सह-संयोजकमा दिनिशा लामिछाने हुनुहुन्थ्यो। केहि थान बल, ब्याडमिन्टन, चेस, क्क, साथै पठन पाठनका निम्ति कापी, कलम, ईरेजर, कटर लगायतका सामाग्रीहरु बितरण गरेको हो। यस क्लबले राम्रो कार्यक्रमहरु गर्दै आइ रहको छ र आउने दिनहरुमा पनि राम्रो कार्य गर्दै जानु हाम्रो सधै साथ समर्थन छ भन्दै हौसला दिदै प्रमुख अतिथिले आफ्ना भनाइ रख्नुभयो। क्लबका अध्यक्षले पनि आगामी दिनहरूमा थप सामाजिक कामलाई प्रोत्साहन गर्ने भन्दै कार्यक्रम सम्पन्न गर्नुभयो।

# वर्षायामसँग...

कोरोना सङ्क्रमणपछि यस वर्ष बढी पर्यटकको चहलपहल बढेको थियो। भर्खरै मात्र पर्यटक आउन सुरु गरे पनि पुनःवर्ष सुरु भएपछि भने सुनसान बनेको र व्यापार व्यवसाय पनि ह्वात्तै घटेको व्यवसायी कमला गुरुङ बताउनुहुन्छ।

राउण्ड अन्नपूर्ण क्षेत्रको प्रवेशद्वार रहेको नयाँपुलबाट सयौँ आन्तरिक तथा बाह्य पर्यटक कास्कीको घान्द्रुक, म्याग्दीको घोरेपानी, पुनहिल, अन्नपूर्ण बेसक्याम्प लगायतका क्षेत्रमा जाने गरेका छन्। यस क्षेत्रमा पर्यटकका लागि सेप्टेम्बर, अक्टोबर र नोभेम्बर महिना सबैभन्दा उत्तम मौसम मानिन्छ भने अन्य समयमा पनि विदेशी पर्यटक आउने गर्दछन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# कोशी सरकारको हैसियत कामचलाउ

कोशी प्रदेशमा नियुक्त भएका मुख्यमन्त्री उद्धव थापाविरुद्ध परेको रिटमा सर्वोच्चले मुख्यमन्त्री कायमै राखेर दिर्घकालीन असर पर्ने कुनै काम नगर्न अन्तरिम आदेश दिएको छ। तीन पटक सुनुवाइ हुन नसकेको रिट बुधबार न्यायाधीश सपना प्रधान मल्लको इजलासमा परेको दियो । न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले थापा नेतृत्वको सरकारलाई दीर्घकालीन असर पर्ने कुनै पनि काम नगर्न अन्तरिम आदेश जारी गरेको छ । कोशी प्रदेश सरकारले सुनुवाइ नभइन्जेल कुनै काम गर्न नपाउने भएको छ।

'अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा तत्काल लिखित जवाफ पेश गर्ने र इजलास बाटै निर्णयार्थ सुनुवाइको मिति तोकिएको हुँदा मुद्दाको अन्तिम किनारा नहुँदासम्म दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्नू/नगराउनू भनि अन्तरिम आदेश जारी गरिएको छ,' आदेशमा उल्लेख छ। थापाको नियुक्तिविरुद्ध परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले विपक्षीको नाममा अन्तरिम आदेश जारी गरेको छ।

साथै थापालाई मुख्यमन्त्रीमा नियुक्त गर्ने सन्दर्भमा पेश भएको प्रस्ताव, समर्थन, दाबी, हस्ताक्षरलगायतका सम्पूर्ण कागजातसहित प्रदेश प्रमुखले गरेको निर्णयको सक्कल फाइलसमेत झिकाउन आदेश भएको छ। साउन ७ गतेको पेशी तोकी प्रस्तुत मुद्दालाई निरन्तर सुनुवाइमा राखेर निर्णयार्थ पेश गर्न आदेश गरिएको हो । कोशीका प्रदेश प्रमुख पर्शुराम खापुङले गत बिहीवार मुख्यमन्त्रीमा नेपाली कांग्रेसका संसदीय दलका नेता थापालाई नियुक्ति गर्ने निर्णय गरेका थिए ।

त्यसपछि थापाले मुख्यमन्त्रीको शपथ गरी पदभारसमेत ग्रहण गरी कार्य गर्दै आएका छन् । सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासमा बुधवार भएको प्रारम्भिक सुनुवाइ पछि उक्त आदेश गर्दै कारण देखाउ आदेश समेत जारी भएको छ । कोशी प्रदेश सरकार गठन असंवैधानिक भएको भन्दै निवर्तमान मुख्यमन्त्री हिक्मत कार्कीले रिट हालेका थिए । प्रदेश प्रमुख खापुङलेसंविधानको ठाडो उल्लंघन गरी मुख्यमन्त्री नियुक्त गरेको रिटमा उनले उल्लेख गरेका छन् ।

सभामुख बाबुराम गौतमसहितको हस्ताक्षर समावेश गरेर नेपाली कांग्रेसका थापालाई मुख्यमन्त्री बनाउने प्रदेश प्रमुखको निर्णय गैरसंवैधानिक भएकाले मुख्यमन्त्री नियुक्त भएका थापासँग ४६ सांसद मात्र भएको र उक्त संख्या बहुमत नभएकाले नियुक्ति गैर संवैधानिक भएको रिटमा उल्लेख छ । नेकपा एमालेको सरकारले विश्वासको मत गुमाएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा ३ अनुसार सरकार गठनको प्रस्ताव आह्वान गर्नुपर्नेमा उपधारा २ अनुसार गरेकाले प्रक्रिया नै त्रुटिपूर्ण भएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# व्यासद्वारा मिर्गौला र क्यान्सरका बिरामीलाई ४० लाख बढी सहयोग

**रासस**
तनहुँ, २७ असार

जिल्लाको व्यास नगरपालिकाले मिर्गौला र क्यान्सरका गरी एक सय पाँच जना बिरामीलाई औषधि उपचारमा सहयोग गरेको छ । 'गम्भीर रोग लागेका बिरामीलाई जीविकोपार्जन कार्यक्रम' अन्तर्गत मिर्गौला र क्यान्सरका औषधि खर्चबापत रु ४० लाख दश हजार रकम प्रदान गरेको हो । मिर्गौला रोगीमध्ये डायलाइसिस गराइरहेका तथा मिर्गौला प्रत्यारोपण गरेकाले र क्यान्सरका बिरामीलाई गत कात्तिकदेखि औषधि खर्चबापत मासिक रु पाँच हजार प्रदान गर्रिदै आएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो ।

चिकित्सकको सिफारिसमा वडा कार्यालयमार्फत चालु वर्षमा बिरामीले औषधि खर्चबापत रकम पाएको उहाँले बताउनुभयो। उहाँका अनुसार क्यान्सरका बिरामी ६४, डायलाइसिस गरेका बिरामी ३४ जना, मिर्गौला प्रत्यारोपण गराएका छ जनाले औषधि खर्चबापत रकम लिएका छन् । त्यसैगरी मेरुदण्डको पक्षघातको एक जना बिरामीले औषधि खर्चबापत नौ महिनाको रु ४५ हजार पाएको स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले बताउनुभयो । सरकारले तोकेको लक्षित बिरामीले मासिक पाँच हजार प्राप्त गर्न चिकित्सकको सिफारिस आवश्यक जनस्वास्थ्य निरीक्षक लक्ष्मी गुरुङले जानकारी दिनुभयो ।

चिकित्सकले उपचार गराइरहेको सिफारिस गरिदिएपछि बिरामीले व्यास नगरपालिकामा उपचार खर्च माग गरी भुक्तानी लिने प्रावधान रहेको छ । मेरुदण्ड पक्षाघात भएका बिरामीको हकमा भने अपाङ्गतासम्बन्धी प्राप्त गरेको रातो वा नीलो कार्डको प्रतिलिपिसहित पेश गरेको हुनुपर्ने उहाँले बताउनुभयो ।

# प्रधानमन्त्री कप भलिबल : टिपटप, आर्मी र सैलुङको जित आग्रह

**रासस**
काठमाडौं, २७ असार

टिपटप हेल्प नेपाल क्लब र नेपाली सेनाको त्रिभुवन आर्मी क्लब राजधानीमा जारी सातौँ प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिगमा विजयी भएका छन् ।

नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगिताको बुधबार सम्पन्न पुरुषतर्फको खेलमा हेल्प नेपाल नेपाल पुलिस क्लबलाई ३-२ सेटमा पराजित गर्दै विजयी भएको हो । टिपटप हेल्प नेपालले पहिलो सेट २५-२० ले आफ्नो पक्षमा पायो । त्यस्तै खेलको दोस्रो सेट पुलिसले २५-२० ले नै जित्दै खेललाई १/१ सेटको बराबरीमा ल्यायो । हेल्प नेपालले तेस्रो सेट ३०-२८ ले जित्दै खेललाई २-१ को अवस्थामा ल्यायो । चौथो सेटमा हेल्प नेपाल पुलिससँग १८-२५ ले पराजित भएपश्चात् खेल २-२ को अवस्थामा पुग्यो । सङ्घर्षपूर्ण अन्तिम तथा निर्णायक खेलमा हेल्प नेपाल २४-२२ ले जित्दै विजयी भयो। यसैगरी अर्को खेलमा आर्मीले अर्को विभागीय टोली एपिएफ क्लबलाई ३-२ को सेटमा पाखा लगायो । आर्मी खेलको पहिलो सेट एपिएफसँग १८-२५ ले पराजित भयो । दास्रो सेट २६-१६ ले जित्न सफल भएको आर्मी तेस्रो सेटमा पुनः २४-२६ ले एपिएफलाई सुम्पन बाध्य भयो । खेलको चौथो सेट २८-२६ ले जित निकाल्दै आर्मीले खेललाई २-२ को बराबरीमा ल्यायो। अन्तिम तथा निर्णायक खेल १७-१५ ले जित्दै आर्मीले आफ्नो टोलीको जित सुनिश्चित गऱ्यो । पुरुषकै अर्को खेलमा सैलुङ बाघढुङ्गा स्पोर्ट्स क्लबले दावाँली मिलन क्लबलाई ३-२ को सेटमा पराजित गर्दै विजयी भयो । सैलुङले पहिलो सेट २५-१९ले जित्यो भने खेलको दोस्रो सेट १४-२५ ले पराजित भयो। त्यस्तै खेलको तेस्रो सेट पनि २२-२५ ले पराजित भयो । त्यसपछिको लगातार चौथो र पाँचौं सेट सैलुङले क्रमशः २५-२१, १५-१३ ले आफ्नो पक्षमा पार्दै जित सुनिश्चित गऱ्यो ।

# अन्नपूर्णमा अपाङ्गमैत्री अस्पताल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा पाँच शय्याको अपाङ्गमैत्री अस्पताल निर्माण भएको छ । सङ्घीय सरकारले सबै पालिकामा आधार भूत तहको अस्पताल सञ्चालन गर्ने उद्देश्यअनुसार सो भवन निर्माण गरिएको हो ।

म्याग्दीको मङ्गला र धवलागिरिमा निर्माणाधीन अवस्थामै रहेको र रघुगङ्गा गाउँपालिकामा जग्गासहितको प्राविधिक पक्षमा ढिलासुस्तीका कारण अलपत्र परेको अवस्थामा दोवागाउँ नजिकै भूकम्पप्रतिरोधी भवन निर्माण गरिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो । "भवन चाँडै हस्तान्तरण गरिने छ", प्रमुख सुवेदीले भन्नुभयो ।

अपाङ्गमैत्री भवन सडक सञ्जाल नजिकै रहेकाले समेत सञ्चालनमा आएपछि बिरामीलाई सहज हुनेछ। निर्माण भएको भवनमा आकस्मिक कक्ष, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डार कोठा, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ कोठा रहेका छन् । भवनको तल्लो तलामा विभिन्न उपचार कक्ष राखिने छ भने माथिल्लो तलाका केही कोठा चिकित्सक र स्वास्थ्यकर्मीका लागि आवासका रूपमा प्रयोग गरिने छ ।

भवन निर्माणका लागि २०७८ वैशाखमा रविना-अमित जेभीसँग रु पाँच करोड १२ लाखमा ठेक्का सम्झौता भएको थियो । अस्पतालको भवन तयार भए पनि सडकबाट अस्पतालसम्म पुग्ने सडकमा ढलानसहित मोडमा स्तरोन्नति, मेडिकल उपकरण, फर्निचर, तारबारसहितको कम्पाउन्डिङ र नजिकै भत्किएको स्थानमा पक्की संरचना आवश्यक देखिएको छ ।

दोवाका स्थानीय युवा अमृत गर्बुजाका अनुसार अस्पताल निर्माण गर्न अमरबहादुर गर्बुजाले पाँच रोपनी चार आना, कर्णबहादुर पुर्जाले दुई रोपनी दुई आना, नौप्रसाद पुर्जाले एक रोपनी तीन पैसा, गमबहादुर गर्बुजाले एक रोपनी १० आना, यादवबहादुर गर्बुजाले एक रोपनी आठ आना, घमती पुर्जाले १३ आना र टीकाबहादुर पुर्जाले साढे दुई आना जग्गा निःशुल्क उपलब्ध गराएका थिए ।

## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/२८**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट घरजग्गा शीर्षकमा कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्ने भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस संस्थाको कार्यालयमा सम्पर्क गरी कर्जाको सम्पूर्ण रकम चुक्ता गर्नु होला अन्यथा सरकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र संस्थाको विनिमय वमोजिम कानुनी प्रक्रिया अगाडि बढाई रकम असुलउपर गरिने व्यहोरा जानकारी गराईन्छ।

| ऋणी विवरण/ धितो विवरण | धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः सिता क्षेत्री<br>स्थायी ठेगानाः सिरान्चौर -१, गोर्खा<br>नागरिकता नं.ः ९३६९३<br>श्रीमान : सुक बहादुर क्षेत्री<br>ससुरा : लाल बहादुर क्षेत्री<br>हालः पोखरा म.न.पा.-२, नयाँ बसपार्क  | नामः सुक बहादुर क्षेत्री<br>स्थायी ठेगाना : गोरखा-४, केरावारी<br>नागरिकता नं.ः २९४३६<br>हालः पोखरा म.न.पा.-२, नयाँ बसपार्क<br>बाबुः लाल बहादुर क्षेत्री<br>हजुरबुबाः सन्त बहादुर क्षेत्री  |

धितोको विवरणः कास्की जिल्ला पोखरा-४, कित्ता नं. २९४, क्षेत्रफलः ७-७-२-३ क्षेत्रफलः ३८०५.५८ वर्ग मिटर

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०

## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने बारे २१ दिने सार्वजनिक सूचना ।

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०३/२८**

यस संस्थाको कार्यालय पोखरा- ५ प्रस्याङबाट घरजग्गा शीर्षकमा कर्जा लिनु भएका तपशिलका ऋणी सदस्यले उपभोग कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्ने भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि कर्जा चुक्ता गर्ने २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले २१ दिनभित्र यस संस्थाको कार्यालयमा सम्पर्क गरी कर्जाको सम्पूर्ण रकम चुक्ता गर्नु होला अन्यथा सरकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र संस्थाको विनिमय वमोजिम कानुनी प्रक्रिया अगाडि बढाई रकम असुलउपर गरिने व्यहोरा जानकारी गराईन्छ।

| ऋणी विवरण/ धितो विवरण | धनजमानीको विवरण | धनजमानीको विवरण |
|---|---|---|
| <br>ऋणीको नामः महालक्ष्मी घिमिरे<br>स्थायी ठेगानाः भानु -९, तनहुँ<br>नागरिकता नं.ः ६४५<br>हालको ठेगानाः<br>पोखरा महानगरपालिका<br>वडा नं. २७ लेखनाथ, कास्की<br>बाबुको नामः शशिघर घिमिरे<br>हजुरबुबाको नामः विष्णु प्रसाद पौडेल | <br>नामः लक्ष्मी प्रसाद पौडेल<br>ठेगानाः थप्रेप-५, तनहुँ<br>नागरिकता नं.ः ४७४<br>हालः पोखरा म.न.पा.-२७<br>बाबुः भविश्वर पौडेल<br>हजुरबुबाः विष्णु प्रसाद पौडेल | <br>नामः लक्ष्मी प्रसाद पौडेल<br>ठेगानाः थप्रेप-५, तनहुँ<br>हालः पोखरा म.न.पा.-२७<br>नागरिकता नं.ः ४६-०१-७०-०४०६०<br>बाबुः लक्ष्मी प्रसाद पौडेल<br>हजुरबुबाः भविश्वर पौडेल |

धितोको विवरणः कास्की जिल्ला अर्घो-२, कित्ता नं. ४४३२, क्षेत्रफलः ०-३-३-० क्षेत्रफलः ११९.२४ वर्ग मिटर

**बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.**
**Bagaincha saving & credit co-operative ltd.**
पोखरा-५, कास्की, नेपाल
फोन नं.: ०६१-४१९१२४, ४१९१८०

# अन्नपूर्ण पदमार्ग सुनसान बन्दा व्यवसायी निराश

**पोखरापत्र संवाददाता**
लमजुङ, २७ असार

विश्व पर्यटन बजारमध्ये एक मानिने चक्रीय अन्नपूर्ण पदमार्ग यतिबेला सुनसान भएसँगै पर्यटन व्यवसायी निराश बन्न थालेका छन् ।

केही हप्ता अघिसम्म दैनिक दुई सयभन्दा बढी पर्यटक आउने गरेकामा बर्खा सुरु भएयता ह्वात्तै पर्यटक घटेर पदमार्ग सुनसान बन्दा पर्यटन व्यवसायी निराश बन्न थालेका हुन् । कोरोना सङ्क्रमण र चिसो मौसमपश्चात् फष्टाउन थालेको पर्यटन क्षेत्र पुनः बर्खाले थला पारेको छ । विदेशी पर्यटक यतिबेला एक दुई दिन विराएर दुई चार जना मात्र आउने गरेको धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्रले जनाएको छ । यस पदमार्गमा पर्ने मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन व्यवसायी मेखबहादुर गुरुङले भन्नुभयो,“केही समय अघिसम्म पर्यटकको चलपहल हुँदा दैनिक रु ३०/४० हजारभन्दा बढी आम्दानी हुने गरेपनि यतिबेला पर्यटक नआउदा दुई चार पैसा देख्न पनि मुस्किल हुन थालेको छ । हाम्रो मुख्य आम्दानीको स्रोत भनेकै पर्यटक हो, पर्यटक आए आम्दानी, नआए समस्या हुने गरेको छ ।” बर्खा लागेसँगै पदमार्गमा आउने पर्यटकलाई समस्या हुने कारणले पर्यटक दुई तीन महिनासम्म नआउँदा व्यवसाय पनि नचल्ने भएकाले निराश हुन परेको उहाँले बताउनुभयो । अर्का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले भन्नुभयो, “पर्यटकको आगमन ठप्प भएसँगै आम्दानी पनि ठप्प भएको छ । व्यवसाय चलायमान हुँदै जाँदा बर्खाका कारण पुनः पर्यटक घटेकाले पदमार्ग सुनसान भएसँगै आफू मात्र नभइ यस क्षेत्रमा रहेका पर्यटन व्यवसायी निराश हुन थालेको उहाँको भनाइ थियो । यस पदमार्ग आसपासमा सयौँ सङ्ख्यामा होटल व्यवसाय सञ्चालनमा रहेका छन् । विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न र मनाङबाट थोराङ भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै पोखरा जान अन्नपूर्ण पदमार्गमा आउँछन् । मनाङका विभिन्न हिमाल तथा चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङको चौतारा हो । यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच वटा जिल्ला जोडिएको छ । सन् २०२३ सुरु भएयता हालसम्म यस पदमार्गमा नौ हजार बढी पर्यटकको आगमन भएको एक्याप पर्यटक जाँच केन्द्रका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार यसअघि फ्रान्स, जर्मनलगायत देशका बढी पर्यटक आएका थिए ।

बर्खा लागेकाले अफसिजन भएको र दृश्य पनि राम्रो नदेखिने तथा बर्खामा बाटो हिँड्न समस्या हुनेलगायत कारण पर्यटकको आगमन ह्वात्तै घटेको उहाँको भनाइ थियो । पर्यटक नआउँदा पर्यटन व्यवसायी मात्र नभइ आफू पनि फुर्सिदिलो बन्न पुगेको पर्यटन सहायक गुरुङले सुनाउनुभयो ।

# पर्वतका दुई नगरपालिका बजेट ल्याउन असफल

**पोखरापत्र संवाददाता**
पर्वत, २७ असार

असार अन्तिम सातासम्म पनि यहाँका दुई नगरपालिका बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्न असफल भएका छन् । बजेट, नीति तथा कार्यक्रम सार्वजनिक नगर्ने नगरपालिकामा यहाँका दुईमात्र बाँकी हुन् ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को दफा २१ को उपदफा ३ मा ‘गाउँ कार्यपालिका नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नुपर्ने छ’ भनिएको भए पनि कुश्मा नगरपालिका र फलेवास नगरपालिकामा भने अझै अन्योल रहेको छ । सात स्थानीय तह रहेको पर्वतमा अन्य पाँच गाउँपालिकाले बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरिसकेका छन् । पाँच गाउँपालिकामध्ये चारले निर्धारित मितिमै र जलजला गाउँपालिकाले केही दिन ढिला गरेर भए पनि बजेट सार्वजनिक गरेको थियो । राजनीतिक प्रतिस्पर्धा र एकापसमा स्वार्थ नमिलेकै कारण यी दुई स्थानीय तहले निर्धारित समयको २० दिन हुनलाग्दा पनि नगरसभा राखेर बजेट प्रस्तुत गर्न सकिरहेका छैनन् । कुश्मा नपामा कांग्रेस र एमालेका जनप्रतिनिधिबीचको विवादका कारण बजेट ल्याउन समस्या भइरहेको छ । बजेट प्रस्तुत गर्न दिइएको अन्तिम मितिमा रातभर बैठक बसेको भए पनि उनीहरूबीच सहमति हुन सकेन । सो नगरपालिकाले रु ८२ करोडको बजेट सार्वजनिक गर्ने तयारी थियो । चालु आवमा भएका गतिविधिको समीक्षा गर्ने र आगामी आवका लागि नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नेजस्ता महत्वपूर्ण काम गर्ने नगरसभा तोकिएको समयमा नहुनु सबैका लागि दुःखद् भएको उपप्रमुख स्वस्थानी रिजालले बताउनुभयो । मुख्य त अहिलेको बजेटबाट विगतको बाँकी भुक्तानी गर्ने कि नगर्ने भन्नेमा बढी रस्साकस्सी भएको छलफलमा सहभागी कुश्मा वडा नं ९ का अध्यक्ष राम शर्मा लामिछानेले बताउनुभयो । “एक त माथिबाट नगरपालिकामा आउने बजेट नै कटौती भएर आएको छ, अर्को पुरानो बजेट भुक्तानी गर्नुपर्ने अवस्था पनि छ, यो अवस्थामा वडा तहमा जाने बजेटलाई पनि केही कटौती गरेर समस्याको समाधान गर्नुपर्छ”, लामिछानेले भन्नुभयो, “वित्तीय समानीकरण अनुदान घटेर आएपछि नगरपालिकाले कसरी मागेको जति दिन सक्छ ? बजेट कम आउँदा योजना पनि बाँकी नै रहे, यो समस्या मेयरको मात्रै नभएर हामी सबैको साझा हो, पन्ध्र-बीस प्रतिशत बजेट सबैलाई घटाउने हो भने त समस्या समाधान भइहाल्छ ।” कुश्मा नगरपालिकामा दुई पक्षबीच सहमतिको प्रयाससमेत भएको पाइँदैन । नगरसभा नभएपछि साउन १ गतेबाट राजस्व सङ्कलन ठप्प हुने भएको छ ।

उता फलेवास नगरपालिकाको १३औँ नगरसभाबाट पारित गर्ने भनिएको नीति तथा कार्यक्रम र बजेटमा पनि विवाद नै छ । फलेवासको नगरसभामा पनि नेकपा (एमाले) र नेपाली कांग्रेसबाट निर्वाचित सदस्यबीच कार्यक्रम संशोधनको विषयमा विवाद भएको हो । एमाले निकट जनप्रतिनिधिले ‘क्लिन फलेवास, ग्रिन फलेवास’ कार्यक्रमलाई निरन्तरता दिनुपर्ने माग गरिरहँदा कांग्रेस निकट जनप्रतिनिधिले यो कार्यक्रम हटाउनुपर्ने माग गरेका छन् । महालेखाको प्रतिवेदनमा समेत यो कार्यक्रमका लागि राखिएका १२ कर्मचारी नियुक्ति अनावश्यक भएको र यसमा गरिएको लगानीले समेत उपलब्धि दिन नसकेको बताएकाले अनावश्यक कर्मचारी राखेर स्थानीय तहलाई आर्थिक भारमा पार्न नहुने नगर प्रवक्ता अच्युत तिवारीले बताउनुभयो । नगरपालिकामा कार्यरत कार्यालय सहायक, सामाजिक अभियन्ता, केही कर्मचारी समान पद र तहमा रहेको भए पनि उनीहरूको तलबमान फरक-फरक रहेकाले त्यसलाई समान बनाउनुपर्ने माग कांग्रेसका जनप्रतिनिधिले गरिरहेको वडा नं ३ शङ्करपोखरीका वडाध्यक्ष अर्जुनबहादुर कार्कीले बताउनुभयो । नगरपालिकाका प्रवक्ता तिवारीले विवादको विषय समाधान गरेर नगरसभा सञ्चालन गर्ने विषयमा आफूहरू निरन्तर समन्वयमा रहेको बताउनुभयो । आपसी सहमतिबाट समस्या समाधानका लागि छलफल हुँदै आएको भए पनि छलफलको देखिने प्रगति भने अहिलेसम्म नभएको उहाँको भनाइ छ । फलेवासको प्रमुखमा नेपाली कांग्रेसका गङ्गाधर तिवारी र उपप्रमुख नेकपा (माओवादी केन्द्र)का शोभा क्षेत्री निर्वाचित भएका हुन् । प्रमुख र उपप्रमुखमा गठबन्धनले जितेको भए पनि कार्यपालिका सदस्यमा भने एमालेको बहुमत रहेको छ ।

# केराका थामबाट हस्तकलाका सामग्री

**पोखरापत्र संवाददाता**
गल्याङ, २७ असार

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले केराजन्य कच्चा पदार्थबाट जुस र हस्तकलाका सामग्री बनाएर रोजगार दिने योजना अगाडि बढाएको छ ।

‘एक घर एक रोजगार’ सिर्जना गर्ने उद्देश्यसहित गाउँपालिकाले आफ्ना नागरिकलाई हस्तकलाका सामग्री बनाउन सिकाएको प्रमुख प्रसासकीय अधिकृत देवेन्द्र पाण्डेले जानकारी दिनुभयो । गाउँपालिकाले ‘एक घर एक रोजगार’ सिर्जना गर्ने उद्देश्यसहित बृहत्‌रूपमा केराखेती गरेर फल उत्पादन गर्ने, थामको जुस, गलैँचा, मुडा, चप्पल, चकटी, धागो, खादा पातको टपरी बनाउने र रोजगार दिने योजना अगाडि बढाएको छ । पाण्डेले गण्डकी प्रदेशको नवप्रवर्द्धन साझेदारी कोषअन्तर्गत स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनका लागि रु एक करोड ४० लाख र कालीगण्डकी गाउँपालिकाको रु ६० लाख लागत अनुमान गरिए पनि करिब रु ५३ लाख खर्च भएको बताउनुभयो । यसका लागि गण्डकी प्रदेश सरकारको रु ३६ लाख ५० हजार र कालीगण्डकी गाउँपालिकाको रु १५ लाख ५० हजार खर्च भएको छ । “योजना सम्झौता भएयता २९ नागरिकले केराका थामबाट मुडा, चप्पल, चकटी, गलैँचा, पातबाट दुनाटपरी, धागो बनाउने काम सिक्दै आएका छन्, पछिल्लो समय गलैँचा र खादा बनाउने तालिम चलिरहेको छ”, उहाँले भन्नुभयो, “गाउँपालिकाका सबैले यो काममा चासो देखाएका छन्, अन्य पालिकाले समेत आएर सिक्ने वातावरण बनेको छ ।”

प्रमुख प्रसासकीय अधिकृत पाण्डेले नवप्रवर्द्धन साझेदारी कोषअन्तर्गत गाउँपालिका तीन विद्यालय र ९० किसानलाई २० हजार केराका बेर्ना वितरण गरिएको जानकारी दिनुभयो । उहाँले प्रत्यक्ष-अप्रत्यक्षरूपमा करिब नौ सय जनालाई रोजगार दिने गरी योजना अगाडि बढाएको दाबी गर्नुभयो ।

गाउँपालीका कृषि शाखा प्रमुख अनुप पौडेलले सानो लगानीमा केही गरौँ भन्ने हुटहुटी भएकालाई तालिम फलदायी भएको बताउनुभयो । उहाँले पाखोबारीमा खेरा गएका सामग्री प्रयोग गरेर आम्दानीको स्रोत बनाउने अभियान चलाइएको बताउनुभयो । “स्थानीय तहका नागरिकले महसुस गर्ने गरी पालिकाले विभिन्न स्वरोजगार मूलक कृषिसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको छ”, प्रमुख पाण्डेले भन्नुभयो, “हस्तकला सामग्री निर्माण गर्न तालिम दिइएको छ, तालिमपश्चात ठूलो सङ्ख्यामा स्वरोजगार बन्ने गाउँपालिकाको अपेक्षा छ ।” हस्तकलाको तालिममा सहभागी स्थानीय दिलसरा थापाले ज्ञानको अभावमा फालिएका केराका थाम उपयोग गरेर आयआर्जन गर्न सकिने विश्वास पलाएको बताउनभयो । “केरामात्र खाइन्थ्यो, थाम फालिन्थ्यो, अत्यावश्यक सामान बन्छ भन्ने थाहा थिएन”, थापाले भन्नुभयो, “यस्ता खेरा जाने वस्तु उपयोगमा ल्याएर स्वरोजगार बन्न सकिने रहेछ ।” गण्डकी प्रदेश सरकार र कालीगण्डकी गाउँपालिकाबीच २०७९ पुस १७ गते सम्झौता भएको योजनाको काम गत चैत ९ गतेदेखि सुरु भएको थियो ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. २१ साविक कृस्ती नाच्नेचौर-८, निवासी भारतीय भू.पू.से.नं. PPO No S/024433/1993 TS No 148444 Army No JC 156957 A का सुबेदार सेर बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर देउ कुमारी गुरुङ र जन्ममिति २००७/०८/०४ इ.सं. 19 Nov, 1950 भएको र पिताको पेन्सन अभिलेखमा नामथर देउ कुमारी र जन्ममिति इ.सं. 04 Sep, 1954 वि.सं. २०११/०१/२९ भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफरिस साथ अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका २१ नं. वडा कार्यालयको च.नं. ११११२५ मिति २०८०/०३/२४ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन जिल्ला प्रशासन कार्यालय कास्कीको अनुरोध छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. २१ साविक कृस्ती नाच्नेचौर-८, निवासी भारतीय भू.पू.सै.नं. PPO No S/024433/1993 TS No 148444 Army No JC 156957 A का सुबेदार सेर बहादुर गुरुङकी छोरीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर इन्द्र कुमारी गुरुङ र जन्ममिति २०३१/०१/२६ इ.सं 9 May, 1974 भएको र पिताको पेन्सन अभिलेखमा नामथर मान कुमारी गुरुङ र जन्म मिति इ.स 12 May 1974 वि.सं. २०३१/०१/२९ भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफरिस साथ अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका २१ नं. वडा कार्यालयको च.नं. ११११९ मिति २०८०/०३/२४ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन जिल्ला प्रशासन कार्यालय कास्कीको अनुरोध छ ।

## जानकारी सम्बन्धमा



कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. २१ साविक कृस्ती नाच्नेचौर-८, निवासी भारतीय भू.पू.सै.नं. PPO No S/024433/1993 TS No 148444 Army No JC 156957 A का सुबेदार सेर बहादुर गुरुङकी छोरी इन्द्र कुमारी गुरुङ आजको मिति २०८०/०३/२४ सम्म अविवाहित तथा कुनै संघ संस्थामा नोकरी नगरेको व्यहोरा सिफरिस साथ अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगर पालिका २१ नं. वडा कार्यालयको च.नं. १११२७ मिति २०८०/०३/२४ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन जिल्ला प्रशासन कार्यालय कास्कीको अनुरोध छ ।


## Tribhuvan University
# Institute of Forestry(IOF)
# Pokhara Campus
## Pokhara, Nepal

# Invitation for Bids

**First Publication Date: 2080 Ashad 27**

**Supply and Delivery of Bus Chassis & Complete Body Making for 51 Seater Bus**

1. Office of IOF, Pokhara Campus, Pokhara Kaski invites sealed bids from eligible bidders for the procurement of following items:

| Descriptions | Quantity | Estimated Cost (Including VAT and all other Taxes) |
|---|---|---|
| Bus Chassis & Complete Body Making for 51 Seater Bus of cubic capacity more than 5700 c.c. | One | 7,150,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Office Of IOF, Pokhara Campus, Pokhara Kaski Tel: 061-430469, Mail: info@iofpc.edu.np
3. Bidding documents may be purchased from the above office by eligible bidders on the submission of a written application accompanied by a letter of Authority from suppliers to the address above, along with the copy of company/firm registration certificate and Tax Clearance Certificate valid for F.Y. 2078/079, VAT/PAN Registration Certificate and upon payment of a non-refundable fee of NRs. 3,000/- deposited in the account (account name: Forestry Institute & account number 19200100579572000001) of Nepal Bank Limited, Prithvi Chowk Branch,
4. Sealed Bids must be submitted including the deposit of 2.5% of the bid amount in the form of cash OR bank guarantee of commercial bank to Office of IOF, Pokhara Campus, Pokhara-15, Kaski on or before 12:00 PM (Noon) on 2080 Shrawan 25. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attend at the address above at 14:00 PM on 2080 Shrawan 26.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Details which is not mentioned on notice are followed by Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

**Campus Chief**